मिति: २०७८।११।१०

## परीक्षा आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०७७/०७८ मा संचालित स्नातकोत्तर र विद्यावारिधि तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा भर्ना भई **दोस्रो सेमेष्टरमा** अध्ययनरत विद्यार्थीहरुले उक्त सेमेष्टर र सो तहका विभिन्न शैक्षिक सत्रका विभिन्न शैक्षिक कार्यक्रममा भर्ना भई उक्त सेमेष्टरमा अध्यापन भइरहेका विषयहरुको Course Registration गरी विभिन्न सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले आफू अध्ययनरत सेमेष्टरको **नियमित परीक्षामा** सम्मिलित हुन २०७८ साल **फाल्गुन १२** गते देखि **फाल्गुन २३** गते सम्म नियमित शुल्क र **फाल्गुन २५** गते देखि **फाल्गुन २७** गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकायवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. १०००।- र परीक्षा आवेदन फाराम शुल्क रु.१००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७८ साल फाल्गुन २५ गते | रु.३००।- |
| २०७८ साल फाल्गुन २६ गते | रु.५००।- |
| २०७८ साल फाल्गुन २७ गते | रु.११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्। परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.............................

प्रा. डा. शुनिला राई
परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**